संघीय संसद
प्रतिनिधि सभा
आठौं अधिवेशन
बैठक संख्या - ९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल साउन २९ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ ने.क.पा. (एमाले) का सदनमा उपस्थित मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री विशाल भट्टराईलाई समय दिनुहुँदा उहाँले गरिमामय सदनमा अशिष्ट एवं अशोभनीय शब्द प्रयोग गर्न नपाइने भएकोले हिजोको बैठकमा एकजना सदस्यले अर्को प्रतिनिधि सभा सदस्यलाई गम्भिर आरोप लाग्ने गरी प्रयोग गर्नुभएको अमर्यादित र असंसदीय शब्द रेकर्डबाट हटाईयोस् भनी माग गर्नुभयो ।

तदुपरान्त मा० श्री सुरेश चन्द्र दासले सो विषयमा नियमापत्ति गर्न खोज्नुहुँदा सम्माननीय सभामुखले मा० सदस्यले कुन नियमको नियमापत्ति हो सो स्पष्ट पार्न सक्नु भएन तसर्थ यो नियमापत्ति भएन बस्नुहोस् भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले हिजो विशेष समयमा मा० श्री मातृका प्रसाद यादवले बोल्ने क्रममा प्रयोग गर्नुभएको “मेन्टल्ली, फिजिकल्ली फिट हुनुहुन्न” भन्ने शब्दहरु प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ङ) को प्रतिकुल हुने देखिएकोले उक्त शब्दहरु सचिवालयको रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरूले समसामयिक विविध विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री दल बहादुर राना
४. मा० श्री दामोदर भण्डारी
५. मा० श्री दिल कुमारी
६. मा० श्री दिलेन्द्र प्रसाद बडू
७. मा० श्री दिव्यमणि राजभण्डारी
८. मा० श्री दिपक प्रकाश भट्ट
९. मा० श्री दुर्ग बहादुर रावत
१०. मा० श्री देवेन्द्र पौडेल
११. मा० श्री देवेन्द्र राज कंडेल
१२. मा० श्री धर्माशिला चापागाई
१३. मा० श्री नविना लामा
१४. मा० श्री नवराज रावत
१५. मा० श्री नारदमुनि राना
१६. मा० श्री नारायण प्रसाद खतिवडा
१७. मा० श्री नारायण प्रसाद मरासिनी
१८. मा० श्री निरादेवी जैरु
१९. मा० श्री निरु देवी पाल
२०. मा० श्री पद्म नारायण चौधरी (थारु)
२१. मा० श्री पवित्रा निरौला (खरेल)
२२. मा० श्री पार्वता डि.सीं (चौधरी)
२३. मा० श्री पार्वती कुमारी विसुन्के
२४. मा० श्री पुष्पा भुसाल (गौतम)
२५. मा० श्री पूर्ण कुमारी सुवेदी
२६. मा० श्री प्रकाश रसाईली (स्नेही)
२७. मा० श्री प्रदिप यादव
२८. मा० श्री प्रमिला राई
२९. मा० श्री प्रमोद साह
३०. मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रतिनिधि सभाको सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएका “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६” र “तथ्याङ्क विधेयक, २०७६” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल साउन ३२ गते सोमबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको १:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव